# गजलहरू

मनै मिल्दैन भने मित नलाएकै जाति
कालो हृदय छ भने प्रित नलाएकै जाति ।

निश्चल र पवित्रताको अर्थ नबुझ्नेहरूले
माया र स्नेहको गीत नगाएकै जाति,
झुटको साहारामा सत्यलाई दबाउन खोज्दा
रावणको झैं जित नभएकै जाति ।

पूर्णिमामा मिरमिरे भावहरू सृजित हुँदा
औंसीमा कालरात्रीहरूको हित नभएकै जाति,
सुन्दर मायाका सदाबहार फूलहरू फुल्दा
कुरुप अनि घातको शित नझरेकै जाति ।
-सुमिना राई, भरौल- ३, टेकानेकुञ्ज, सुनसरी ।

शुन्य शुन्य आकाशमा निराशताको आँधी चल्दा
नेपाल आमा रोइरहेछिन् अशान्तिको दिप जल्दा ।

गौतम बुद्ध भृकुटी र सीता जन्मे यहि देशमा
कहाँ गयौ आज सबै भाइले दाइको छानो बाल्दा,
माइला बाको छोरो पनि हिजो जंगल पस्यो अरे
मौन कत्ति थिएन रे आफ्नै दाइको शिर पोल्दा ।

युद्ध गर्छन् जेठा कान्छा जननीको छाती टेकि
रमाइलो भयो अरे दाइको गोली भाइले छल्दा,
भाइको जीत भयो अरे जंगलको लडाईमा
बाउ आमाको आँसु कठै घरमै भाइको भोज चल्दा ।

नेपाल आमा रोइरहेछिन् अशान्तिको दिप जल्दा
कहाँ गयौ आज सबै भाइले दाइको छानो बाल्दा ।
-करन सिंह ठगुन्ना 'सिर्जन', भक्तपुर ।

नहुँदा तिमी गाउँमा सुनसान कस्तो भयो
छोडी गयो नभन्नु है एकदिन फर्कि आउने छु म
तिमी संगै डाँडापाखा मेलापात धाउने छु म ।
तिमी मेरी हौं म तिम्रो हुँ हाम्रो प्रेम पवित्र छ
बैशालु तिम्रो जवानीमा हरियाली भै छाउने छु म,
भौतिक रुपमा टाढा भएनी मनमा माया गाढा छ
कल्पनाको हरघडीमा तिमीलाई पाउने छु म।
हजारौंको ताती लागोस् मायाप्रिती गांसौ भन्दै
बेवास्ता गर्दै तिनलाई म तिमी संगै 'माया' लाउने छु म ।
-भुमीराज राई 'इच्छुक', साहित्यकुञ्ज, खोटाङ्ग ।

दर्जनौ भै सके काली तँलाई माया गर्नेहरू
कोही पनि छैनन् काली तेरा निम्ती मर्नेहरू ।
तँलाई अच्चम लाग्न सक्छ पत्रहरू देख्दा
मात्रै रै'छन् काली चिठी लेख्दा कापी भर्नेहरू,
बोलुं गने बात लाग्छ म पनि त साथी हुँ नी
कसैलाई'नी देखिन काली तेरो भर पर्नेहरू ।
यताउता हिड्दा पनि कान थुन्नु पर्छ
तेरो मात्र नाम काली यातु गुहार तर्नेहरू,
धेरै पत्र आउँछन् तँलाई माया गर्छु भनि
एउटा फूल छोडी काली अर्को फूलमा सर्नेहरू ।
-डिल्ली रमण आचार्य, राप्ती बबई क्याम्पस, तुल्सीपुर, दाङ्ग ।

तिमीलाई नजर हानीसकें मैले
लाखौं फूलमा छानीसकें मैले ।
धोकेवाज हुन्छु भनी नसोचेनी हुन्छ
जिन्दगीमा जिउन मर्न जानीसकें मैले,
मेरो नजरबाट फुत्किन नखोज
मायाको डोरीले बाँधिसकें मैले ।
आफ्नो सु-संस्कृतिसँग भाग्न खोज्नेलाई
जबरजस्ती धान नाच्न तानिसकें मैले ।
-उदासी पाँचथरे कान्छा, हाल: गजुरमुखी-४, इलाम ।

दु:ख पर्दा छोडी जानेलाई बाईबाई
संगै लाग्दा मोडी जानेलाई बाईबाई ।

कहिल्यै छोड्दिन म भनि भन्थ्यौ
बिच बाटोमा गोडी जानेलाई बाईबाई,
संगै मलाई लिई गयौ त्यो बाटोमा
माया छिनलाई जोडी जानेलाई बाईबाई ।

बिस्तार बिस्तार पाइला सार्दै गयौ हामी
दुई पाइला सार्दा तोडी जानेलाई बाईबाई ।
-कमल बानियाँ, सम्पादक साहित्य प्रवाह, सिंगा-६, म्याग्दी ।

यति घनाबस्तीभित्र मान्छे कता लुक्छन् होला
गल्ली गल्ली कुकुर किन हामीलाई भुक्छन् होला ।
कति विधि पात्तिएका ! कति विधि मात्तिएका
गमलाका फूलहरुले कौसीबाट थुक्छन् होला,
अनगिन्ती घाम छन् भन्थे सडक गल्ली घरमा
चोकहरुमा बख्तरबन्छ सालिक किन दुक्छन् होला ।
दैलोको त कुकुर पनि बलियो हुन्छ भन्छन्
गुम्बाभित्र तस्करसंग बुद्ध किन झुक्छन् होला,
के गर्व भो हिउँपुत्रको जब हिउँको देशमा
स्नेहको सप्तकोशी सिमेन्ट भित्र सुकछन् होला ।
-सुजित रोका 'समुन्द्र', पुषारा-३, धारा, प्यूठान ।

# गीतहरू

## अमृत पनि विष

अमृत पनि विष हुन्छ सबैलाई
माया पनि रिस हुन्छ सबैलाई
ए दैव ! के-के गरा'को
मेरैमात्रै ग्रहदशा किन चला'को।
अरु होइन आफन्त नै पराई मेरो बन्छ
दोषी भनी जता पनि खाल्डैमात्र खन्छ,
बोले पनि विष हुन्छ सबैलाई
हाँसे पनि रिस हुन्छ सबैलाई।
ए दैव !............
अरु छैन एकमुठी सास अल्झेको छ
अझै पनि निर्मोहीको आस बल्झेको छ,
लाए पनि रिस हुन्छ सबैलाई
खाए पनि विष हुन्छ सबैलाई।
ए दैव !............

- कल्पलता श्रेष्ठ, पोबनं. २१४३९, काठमाडौं ।

## टाढा नजाऊ

तिमी बोले अरुसँग मेरो छाती दुख्छ
टाढा नजाउ, मलाई छोडि रुँदा आँसु सुक्छ ।
कुन दिनमा भेट भयो किन बस्यो माया
धेरै दिन चल्ने होइन व्यर्थै घामछायाँ
तिमी भएपछि मेरो दुनियाँ नै लुक्छ
टाढा नजाउ, मलाई छोडी रुँदा आँसु सुक्छ ।
हाँसिदेऊ बोलिदेऊ म रिसाए पनि
तिम्रो यात्रा चलिरहोस् म बिसाए पनि
पागल भई हिडें भने संसारले थुक्छ
टाढा नजाऊ मलाई छोडी रुँदा आँसु सुक्छ ।

-यशोधरा श्रेष्ठ, दियाले-३, ओखलढुङ्गा ।

## मेरो सपना

थाहा नपाएझैं गर्छु, मेरो गाला छुन्छ
मैले पनि छोएँ भने आँसु झारी रुन्छ ।

हाँसेको नि मीठो लाग्छ बोलेको नि मीठो
बोल्दा बोल्दै बसेछ नि माया कस्तो छिटो
म नै अरे संसारमा उसको पनि प्यारी
मेरो पनि छैन अर्को कोही वारिपारि ।

एकैछिन नदेखेमा वर्षौंजस्तो हुन्छ
उसको पनि रोला मन मेरो पनि रुन्छ।
अबदेखि नभेटूँ है भन्दा पनि हुन्न
रिस गर्ने घरगाउँ क्यैले पनि छुन्न
कस्तो बानी लाग्यो यस्तो राम्रो हो कि हैन
मेरो मान्छे बिना मेरो छैन खुसी चैन।

बाँच्दै जाँदा भोलिपर्सि के के हुन्छ हुन्छ
बिनसित्ति मेरो मन के के सपना बुन्छ।
-इन्द्रकुमार श्रेष्ठ, कमलाकुञ्ज, ओखलढुङ्गा ।

## सपनीमा देखें

सपनीमा देखें तिमी विपनीमा खोजें
भेटिएन देखेजस्तो सपनीकै रोजें।
छुनछुन खोजेको थें तिम्रो केशराशि
हुनहुन खोजेको थें धेरैधेरै खुसी,
त्यतिखेरै ब्युँझिएर मुस्कुराएँ हेरी
निदाउँन खोजे पनि सकिएन फेरि।
दिनभरि डुल्छु त्यसै बेंसी रनबन
रमाइलो प्रकृतिमा भुल्दो रै'छ मन,
केही पनि आशा छैन रात परेपछि
सम्झाउने कोही हुन्न मनै मरेपछि।
-इन्दु श्रेष्ठ,
सरस्वती मा. वि., खानीभञ्ज्याङ्ग, ओखलढुङ्गा।

## मेरो गीत

कसैले नलेखेको जीवनको गीत मेरो
कसरी सुनाऊ ए साथी यो दुःखीको प्रित मेरो।
हाँस्नै पर्ने जिन्दगीमा सयौ पीडा बोकी
बाँच्नै पर्ने जिन्दगीमा लाखौं आँसु बोकी,
आँसु र हाँसोको संगमनै जीवन हो की
मिलन र बिछोडको ए साथी कसरी सुनाऊ प्रित मेरो।
आफैसंग हारी सकें कसरी सुनाऊ तिमीलाई जीत मेरो
विधाताले खोसिएको कसरी लेखौं भाग्य आफै मेरो
यस्तै भयो जीवनको किन किन रीत मेरो
कसरी सुनाऊ तिमीलाई ए साथी दुखियाको प्रित मेरो ।
कसैले नलेखेको जीवनको गीत मेरो
कसरी सुनाऊ ए साथी यो दुखियाको प्रित मेरो ।
-शोभाना 'पल्लवी', अनन्त साहित्य समूह,
शान्तिनगर- १, बर्ने, झापा ।